# दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु

स्नातकोत्तर तह दोस्रो वर्षको Ed.CE.-598 विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

सोधकर्ता
सरस्वती कटवाल
त्रि.वि. दर्ता नं. : ९-२-४१९-४०-२००८
परीक्षा रोल नं. : २२६००२०/२०७५

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा
२०७८

## प्रतिवद्धता पत्र

प्रस्तुत विषयमा त्रि.वि ओखलढुंगा क्याम्पस ओखलढुंगाको शिक्षा सास्त्र संकाय स्नातकोत्तर दोस्रो वर्ष पाठ्यक्रम तथा मुल्यांकन मुख्य विषय अन्तर्गत दलित विद्यार्थीहरुले बिचैमा कक्षा छाड्नुका कारणहरु शिर्षकमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरुको पालना गरी तयार पारिएको छ । यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुबहु नसारी आफना भाषा शैलीमा तयार पारिएको छ । यो अनुसन्धान तयार पार्दा सम्म आज भन्दा अगाडी कहि कतै पेश नगरी आफै. तयार पारेको छु । अन्य कुनै प्रकारको अनियमित कार्य गरेको छैन । भए गरेको पाइएमा नियम अनुसार कार्वाही बेहोर्न तयार छु भनी यसै प्रतिवद्धता पत्र मार्फत सिफारिस गर्दछु ।

मितिः २०७८।११।२६

सरस्वती कटवाल
एम.एड.दोस्रो वर्ष ।

## प्राक्कथन

सर्वप्रथम प्रस्तुत शोत्रपत्र तयार पार्दाको अवधिमा निरन्तर रुपमा सहयोग, सल्लाह, सुझाव र निरन्तर पृष्ठपोषण प्रदान गरिरहनुहुने आदरणीय शोध निर्देशक आदरणीय गुरु हरि कुमार भट्टराई ज्यूप्रति हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु । वहाँको अटुट सहयोग र प्रेरणाको प्रतिफलस्वरुप नै यो शोधपत्र यस रुपमा तयार भई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध-पत्र तयार गर्न प्रस्तावना लेख्दाको समयदेखि मार्गदर्शन गर्नुहुने आदरणीय गुरु श्रीहरि कुमार भट्टराई ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको अमूल्य समय, मार्गनिर्देशन तथा सुझाव र सहयोग मेरो लागि सधैं स्मरणीय रहनेछ ।

साथै ओखलढुङगा क्याम्पसका क्याम्पस प्रमुख श्री सुमन राज भण्डारी ज्यू लगायत वहाँहरुबाट प्राप्त प्रेरणा र सहयोगको लागि आभार व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारी गर्ने शिलशिलामा मलाई सहयोग गर्नुहुने अध्ययन गरिएका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक , शिक्षक एवं विद्यार्थी वर्गप्रति वहाँहरुको सम्पूर्ण सहयोगको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस शोधपत्र निर्माणको क्रममा प्रयोग गरिएका वा सन्दर्भ सामग्रीको रुपमा अध्ययन गरिएका विभिन्न पुस्तक, लेख र शोधपत्रहरुका लेखक महानुभावहरुप्रति पनि धन्यवाद नदिइरहन सकिन्न ।

यो शोधपत्र तयार गर्नेक्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपबाट विभिन्न महानुभावहरु, संघ-संस्थाहरु, शिक्षाप्रेमी, समाजसेवी तथा नागरिक समाजका व्यक्तिहरुको समेत प्रशंसा योग्य सहयोग प्राप्त भएकोले वहाँहरुलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

शोध-पत्र तयार गर्नु अगाडि प्रस्तावनाको तयारीमा कम्प्यूटरको सम्पूर्ण कार्य सम्पादन गर्न र शोध-पत्रको अन्तिम तयारीको प्रुफ रिडिङ्ग कार्य गरी छिटो छरितो रुपमा कम्प्युटर टङ्कण गरी अमूल्य सहयोग गर्नुहुने मित्रलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति : २०७८।११।२६

# शोध सार

दलित बालबालिकाहरुले बीचैमा विद्यालय छाड्नुका कारणहरुको पहिचान गरि निराकरणका लागि उपायहरुको खोजी गर्नु वर्तमान परिप्रेक्षमा अत्यन्तै सान्दर्भिक हुने भएकाले “दलित विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुका कारणहरु ” शीर्षक राखी यो शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रका प्रमुख उद्देश्यहरु प्राथमिक तहका दलित विद्यार्थीहरुको विद्यालय भर्नाको स्थिती र सहभागिता अध्ययन गर्ने, प्राथमिक विद्यालयहरुमा बीचैमा कक्षा छाड्ने दलित विद्यार्थीहरुको संख्या पत्ता लगाउने र दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरु पत्ता लगाई समाधानका उपायहरु सिफारिस गर्ने राखिएको छ ।

उल्लेखित उद्देश्य प्राप्तीका लागि Karl Marx (1818-1883) को सामाजिक वर्गिकरणको सिद्धान्त र Max Weber (1864-1920) को सामाजिक स्तरीकरणको सिद्धान्तलाई यस अध्ययनको वैचारिक खाकाको रुपमा राखिएको छ । अध्ययनका लागि छनौट गरिएको क्षेत्र ओखलढुङगा स्रोतकेन्द्र (पश्चिम ओखलढुङगाको १ गाउँपालिका सुनकोशी गा.पा समेट्ने गरी ) का विद्यालयहरु मध्ये १० विद्यालयहरुलाई नमूना छनौट गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । यसै गरी अध्ययनको तथ्याङ्क संकलनको लागि प्राथमिक तथ्याङ्क संकलन विधी अन्तर्गत दलित विद्यार्थी, दलित विद्यार्थीका अभिभावक र विद्यालयका विभिन्न जिम्मेवार व्यक्तिहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता र छलफलबाट जानकारी लिई सोको विश्लेषण गरिएको छ । साथै तथ्याङ्क संकलनको लागि द्धितिय तथ्याङ्क संकलन विधि अन्तर्गत विभिन्न पत्र-पत्रीका, पुस्तक, सम्बन्धित शोध पत्रहरु, छनौट गरिएका विद्यालयका संकलित रेकर्ड ईत्यादिबाट सूचना समावेश गरी सोको  विश्लेषण गरिएको छ ।

अध्ययनबाट प्राथमिक तहमा अध्ययन गर्ने दलित बालबालिकाहरुले कक्षा छाड्ने दर १०.८६% रहको र उक्त संख्या अन्य जातिको तुलानामा बढी नै रहेको पाइएको छ । दलित बालबालिकाहरुको कक्षा उत्तीर्ण दर समेत न्यून भएकाले कक्षामा अनुत्तीर्ण हुने डरले कक्षा छाड्नेको संख्या बढी रहेको पाइयो । प्राथमिक तहका दलित विद्यार्थीहरुले कक्षा छाड्नुका अन्य कारणहरु अध्ययन गर्दा  आर्थिक तथा सामाजिक पक्षहरु पनि उत्तिकै जिम्मेवार रहेको पाइयो ।

विद्यालयहरुमा विद्यामान दलित विद्यार्थीहरुले कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्नका लागि सामाजिक चेतना, प्रोत्साहन मूलक शैक्षिक कार्यक्रम, सहभागितामूलक सिकाइ, भयरहित र बालमैत्री सिकाइ जस्ता कुराहरुमा जोडदिनु पर्ने कुराहरु मुख्य सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| प्रतिवद्धता पत्र | | i |
| सिफारिस पत्र | | ii |
| स्वीकृति पत्र | | iii |
| प्राक्कथन | | iv |
| शोध सार | | v |
| विषय सूची | | vi |
| तालिका सूचि | | x |
| चित्र सूचि | | xi |
| संक्षिप्त शब्दको पूरा रुप | | xii |
| | **परिच्छेद-एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनका उद्देश्यहरु | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ | अध्ययनको परिसीमा | १० |
| १.७अध्ययनमा प्रयोग गरिएका शब्दावलीको परिभाषा | | १० |
| | **परिच्छेद - दुई** | |
| | **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ | अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.३ | शैक्षिक उपादेयता | १८ |
| | **परिच्छेद - तीन : अध्ययन विधि** | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २१ |
| ३.२ | जनसंख्या | २१ |
| ३.३. | नमूना छनोट | २१ |
| ३.४. | नमूना छनोटको आधार | २२ |
| ३.५ | तथ्याङ्कका स्रोतहरु | २२ |
| ३.६ | तथ्याङ्क सङ्कलन प्रक्रिया | २२ |
| ३.७ | तथ्याङ्क विश्लेषण/व्याख्या प्रक्रिया | २३ |

## परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण ,व्याख्या तथा प्रस्तुतिकरण


४.१ विद्यार्थीहरुको विद्यालयमा विद्यार्थी भर्ना स्थिति र सहभागिता २४

४.१.१ जातिगत आधारमा प्राथमिक तहको जम्मा विद्यार्थी संख्या ४३

४.१.२ दलित विद्यार्थी संख्याको विश्लेषण ४४

४.१.३ बीचैमा कक्षा छाड्ने दलित विद्यार्थीको अन्य विद्यार्थीसँगको तुलना ४६

४.१.४ जातिगत आधारमा अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थीको अवस्था ४६

४.१.५ विद्यालयगत दलित विद्यार्थी संख्या र अन्तिम परीक्षामा सम्मिलित विद्यार्थीको तुलनात्मक अवस्था ४८

४.२ कक्षा छाड्ने विद्यार्थीको अवस्था ४९

४.२.१ अन्तिम परीक्षामा सम्मिलित र उत्तीर्ण दलित विद्यार्थीको तुलना ४९

४.२.२ बीचैमा कक्षा छाड्नुका कारणहरु ५१

४.३ कक्षा छाड्ने समस्या समाधानका उपायहरु ५२

४.३.१ विद्यार्थीसँग सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण ५२

४.३.२ अभिभावकसँग सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण ५३

४.३.३ विद्यालयका शिक्षक, प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीलाई सोधिएका प्रश्नावलीबाट प्राप्त जवाफको विश्लेषण ५४


## परिच्छेद - पाँच

## प्राप्ती, निष्कर्ष तथा सुझावहरु


५.१ प्राप्तीहरु ५५

५.२ निष्कर्ष ५८

५.३ सुझावहरु ५९

**सन्दर्भ सामग्री**

**अनुसूची**